# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०७१/०७२ मिति :– २०७१।७।५
च.नं.

**विषय :– निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्था शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७१ साल आश्विन महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७१।६।७ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

**आमन्त्रित**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री विवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली – शाखा अधिकृत
श्री श्रीराम गुप्ता – अध्यक्ष, कर्मचारी एशोसिएशन

**निर्णय नं. १ :**

सिद्धार्थनगर नगरपालिका र नगर विकास कोषको संयुक्त लगानीमा सिद्धार्थनगर नगरपालिकाको विभिन्न स्थानमा सञ्चालित सडक पेटी (Foot Path) निर्माण कार्यका निर्माण व्यवसायी श्री प्राकृतिक निर्माण सेवा प्रा.लि. का प्रो. टोप बहादुर रायमाझी सि.न.पा. वडा नं. ९ ले विभिन्न कारणहरु देखाई मिति २०७०।५।२८ दर्ता नं. ४७२४ को पत्रद्वारा २०७१।३।३० सम्म म्याद थप गरी पाउँ भनि निवेदन दिए अनुसार स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२८ (२) (ग) अनुसार निजको माग मनासिब देखिएकोले सोही ऐनको नियम १२८ (३) अनुसार जरिवाना नलगाई म्याद थप गर्ने र निज निर्माण



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

व्यवसायीले २०७१।३।३० पछिको थप सात दिनमा निर्माण कार्य सम्पन्न गरेकोले सो सात दिनको लागि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १२९ (९) बमोजिम तोकिएको समयमा निर्माण सम्पन्न हुन नसकेकोले प्रति दिन सम्झौता रकम रु. १,३२,३२,७६६।१३ को शुन्य दशमलव शुन्य पाँच प्रतिशत (०.०५%) ले हुन आउने पूर्व निर्धारित क्षतिपूर्ति रकम रु. ४६,३१४।६६ जरिवाना गर्ने गरी म्याद थपको सहमतिको लागि नगर विकास कोषमा पठाई पछि सहमति प्राप्त भएपछि जरिवाना रकम, यस अघि लागेको भुक्तानीहरु कट्टा गरी अन्तिम बिल वापतको रकम रु. १,२६,७८,६४२।१८ भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

नेपाल सरकार र एशियाली विकास बैंकको ऋृण तथा अनुदान सहयोगमा सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजना अन्तर्गतको IUDP/DR/SDN/ICB-01: Improvement and Development of Storm Water Drainage & Urban Road Sub-Project को Addendum No. 1 concurrence को लागि PCO मा पठाईएकोमा ADB बाट concurrence प्राप्त भएपछि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

सिद्धार्थनगर नगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजना परियोजना कार्यान्वयन इकाईमा कार्यरत इन्जिनियर यमलाल पाण्डेलाई मिति २०६९।१।१९ (तदनुसार १ मे २०१२) देखि इन्जिनियर तथा परियोजना सहायक व्यवस्थापकको रुपमा न.पा.को च.नं. ९७३१ प.सं. प्रशासन/०६८/०६९ मिति २०६९।२।२ को पत्रद्वारा खटाईएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

## मिति २०७१।६।२७ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री विष्णुदत्त गौतम ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री विष्णुदत्त गौतम | – | प्रमुख/का.अ. सि.न.पा. |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | – | ब.ई. सि.न.पा. |
| श्री विवेक कुमार खनाल | – | ब.अ. सि.न.पा. |
| श्री गणेश बहादुर क्षेत्री | – | ब.अ. सि.न.पा. |
| श्री देव प्रसाद ज्ञवाली | – | शाखा अधिकृत |
| श्री श्रीराम गुप्ता | – | अध्यक्ष, कर्मचारी एशोसिएशन |


"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. १ :**

सिद्धार्थनगर नगरपालिकाको चालु २०७१।०७२ का लागि देहायका योजनाहरु जगेडा कोष र नगरपालिकाको संयुक्त लगानीमा संचालन गर्ने गरी स्वीकृतिका लागि संङ्घीय मामिला तथा स्थानीय विकाश मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**तपसिल**

१. सि.न.पा. वार्ड न.३ काटा गाँउ देखि दरखसवा गाँउ सम्म पक्की नाला तथा सडक पिच निर्माण कार्य योजना रु. ५०,०००००।-(अक्षेरुपी पचास लाख मात्र)
२. सिमाना जोडिएको वार्ड न.७ र १२ मा पर्ने  बिजुला मेडिकल हल देखि पूर्व हिमाली पथ तथा श्रीकृष्ण नेत्रालय देखि रुद्रपथको बिचको कुलोको कर्ल्भट हुँदै जनता पथ सम्म पक्की नाला तथा सडक पिच निर्माण योजना रु. ६७,०००००।-(अक्षेरुपी सट्सठ्ठी लाख मात्र)
३. वार्ड न. १० बहादुर धोबीको घर देखि पिपरहिया सम्म सडक पिच निर्माण कार्य योजना रु. ५०,०००००।- (अक्षेरुपी पचास लाख मात्र)
४. वार्ड न.८ चक्र पथ एकता पथ कुलोको छेउ हुँदै लुम्बिनी सडक उत्तर दक्षिण हुँदै दुर्गा मन्दिरको छेउको कुलोको बाटो भै दुर्गा मन्दिर देखि उत्तर शालिग्राम पथ (जेसिस स्कूल) तर्फ जाने बाटो पक्की नाला तथा सडक पिच निर्माण योजना रु. ५०,०००००।-(अक्षेरुपी पचास लाख मात्र)
५. नव दुर्गापथ वार्ड न.४ पक्की नाला तथा सडक पिच निर्माण योजना रु. ५०,०००००।-(अक्षेरुपी पचास लाख मात्र)

**निर्णय नं. २(दुई) :–**

सिद्धार्थनगर नगरपालिका वार्ड नं. ५ हाटबजारमा व्यापारिक भवन निर्माण गर्नका लागी नगरविकास कोषको ऋृण सहयोगबाट ६० प्रतिशत हुन आउने रकम रु ३६,००,०००।००, नेपाल सरकारबाट प्राप्त हुने ३० प्रतिशत अनुदान वापत हुने रकम रु २८,००,०००।०० र नगरपालिकाले पारस्परिक कोष (Matching fund) वापत व्यहोर्नु पर्ने रकम रु ६,००,०००।०० समेत गरी कुल लागत रु ६०,००,०००।०० को योजना स्वीकृतका लागी नगर विकाश कोष समक्ष अनुरोध गर्ने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np